कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः६५
बुधबार, १४ असोज २०८३
(Wednesday, 30 Sept. 2026)
पृष्ठः ४, मूल्यः १० ।-

समाचार र विचारको स्वतन्त्र संवाहक
# कालपृष्ठ
kalpristhanews.com राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सञ्चालनको पर्खाइमा नेपालगन्ज सिटी हल

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १३ असोज*




नेपालगन्जमा ठुलो रकम खर्च गरेर निर्माण गरिएको नगर सभा हल (सिटी हल) सञ्चालनको पर्खाइमा रहेको छ।

नेपालगन्ज उप-महानगरपालिका-१४ भवानीयापुरमा सङ्घीय सरकारले निर्माण गरेको सुविधा सम्पन्न सिटी हलको २०८१ फागुन १३ गत उद्घाटन भए पनि हालसम्म सञ्चालन हुन सकेको छैन।

रु ३३ करोड ३४ लाख ७५ हजार ३७० लागतमा निर्माण भएको सिटी हल उद्घाटन हुँदा यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग गर्ने अपेक्षा गरिएको थियो। हल सञ्चालन हुन नसक्दा स्थानीयवासी निराश बन्न पुगेका छन्।

सिटी हलमा दैनिकजसो कार्यक्रम हुँदा स्वाभाविक रूपमा चहलपहल बढ्ने भए पनि हाल कुनै गतिविधि नहुँदा सुनसान रहेको स्थानीयवासी समेत रहनु भएका नेपालगन्ज-१४ का पूर्ववडाध्यक्ष ओमकार मिश्राले बताए।

उनले सञ्चालनको जिम्मा लिएको नेपालगन्ज उपमहानगरपालिकाले नगर सभा हल सञ्चालनका लागि विशेष चासोका साथ सहुलियत दर कायम गर्नुपर्नेमा जोड दिए। कुल ७९५ जना अट्ने क्षमताको हल सञ्चालनमा नआउँदा आफूहरू निराश भएको मिश्राको भनाइ छ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले राज्यको ठुलो रकम खर्च भएर बनेको सिटी हललाई दीर्घकालीन रूपमा सञ्चालन गर्न स्थानीय सरकारले चासो दिनुपर्ने बताए।

"ठूलाठूला सरकारी कार्यक्रम होटलमा हुने गरेका छन्, उता सरकारी नगर सभा हल बन्द अवस्थामा छ", उनले भने, "नगर सभा हल सञ्चालनका लागि उपमहानगरपालिका नेतृत्वले विशेष चासो दिन जरुरी छ।"

नेपालगन्ज सिटी हलमा ठुलो हलसहित अन्य चार वटा साना हल, प्रशासनिक कक्ष, पार्किङलगायत पूर्वाधार निर्माण गरिएको छ। सभा हल निर्माण सम्पन्न भएपछि नेपालगन्जमा ठुलो क्षमताका कार्यक्रम गर्न सहज हुने विश्वास गरिए पनि त्यसले सार्थकता पाउन सकेको छैन।

नेपालगन्ज उप-महानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले सहरभन्दा टाढा भएकाले सिटी हलमा कुनै गतिविधि सञ्चालन हुन नसकेको बताए। सिटी हल निर्माण भएपछि दुई पटक नगरसभा र दुई पटक राजनीतिक दलका कार्यक्रमबाहेक अरू गतिविधि हुन नसकेको उनले जानकारी दिए।

"सिटी हल सञ्चालनको जिम्मा दिन बोलपत्र खोल्यौँ, तर ठाउँका कारणले होला कुनै प्रस्ताव नपरेपछि अहिले नगरपालिकाले नै मान्छे राखेर रेखदेख गर्दै आएको छ", प्रवक्ता रिजालले भने, "नगरको केन्द्रबाट टाढा भएकाले पनि कार्यक्रम हुन सकेनन्। अहिले कर्मचारीले भवन कुर्ने काम भएको छ।"

## नहर विस्तार गर्दै सिक्टा सिँचाइ आयोजना

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १३ असोज*



बाँकेमा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाले किसानको खेतसम्म पानी पुर्याउन शाखा तथा उपशाखा नहर विस्तार गर्न सुरु गरेको छ।

खजुरा र बैजनाथ गाउँपालिका क्षेत्रमा थप सिँचाइ सुविधा पुर्याउन आयोजनाको पश्चिम मूल नहरअन्तर्गत गुरुवागाउँ शाखा र उपशाखा नहर निर्माणका लागि बाँकेका विभिन्न स्थानमा जग्गा अधिग्रहण प्रक्रिया अघि बढाइएको आयोजनाका निर्देशक राजु आचार्यले जानकारी दिए।

उनका अनुसार, जिल्ला प्रशासन कार्यालय बाँकेमार्फत २०८३ असोज ८ गते सूचना जारी गर्दै जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ अनुसार सो कार्यका लागि जग्गा अधिग्रहण गर्न लागिएको जानकारी दिईएको छ। हालको खजुरा गाउँपालिकाका वडा नं १, २, ५, ८ र ९ (साविक राधापुर गाविस वडा नं ४ र ७; साविक सीतापुर गाविस वडा नं ३, ६ र ८; साविक उढरापुर गाविस वडा नं १ र ३ तथा साविक रनियापुर गाविस वडा नं ३, ६ र ९) र बैजनाथ गाउँपालिकाका वडा नं ५ र ६ (साविक वनकटवा गाविस वडा नं ४ र ५) भित्र पर्ने जग्गाहरू अधिग्रहण गरिने छ।

सम्बन्धित जग्गाधनी वा निजको नियमानुसारको वारिसलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र जिल्ला प्रशासन कार्यालय वा सिक्टा सिँचाइ आयोजनाको कार्यालयमा निवेदन दिई मुआब्जा दाबी गर्न आग्रह गरिएको आयोजना निर्देशक आचार्यले जानकारी दिए।

अधिग्रहण गरिने जग्गामा घर, गोठ, पर्खाल वा रुख-बिरुवा आदि भएमा सोको विवरण निवेदनमै स्पष्ट रूपमा खुलाई त्यस्ता संरचना तथा रुख-बिरुवाहरू बढीमा एक महिनाभित्र उठाई जग्गा खाली गरिदिनुपर्ने सूचनामा उल्लेख गरिएको छ।

सिक्टा सिँचाइको पश्चिमी मूल नहर बाँके जिल्लाको राप्ती नदीको पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर जमिन र पूर्वी मूल नहरले राप्ती नदीको पूर्वी भेगको करिब ९,००० हेक्टर गरी कूल ४२ हजार७६६ हेक्टर भूमिमा भरपर्दो सिँचाइ सुबिधा उपलब्ध गराउने लक्ष्य रहेको छ। हाल २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको आयोजना निर्देशक आचार्यले बताए।

सिक्टा सिँचाइलाई चालु आर्थिक वर्ष २०८३-०८४ मा रु दुई अर्व ५५ करोड विनियोजन गरिएको छ। गत आर्थिक वर्ष २०८२-०८३ मा सिक्टा सिँचाइलाई रु एक अर्ब ५७ करोड विनियोजन भएको थियो। गत वर्षको बजेटमा भन्दा यो वर्ष करिब रु एक अर्ब बढाएर बजेट विनियोजन भएको छ।

सिक्टा सिँचाइ आयोजनाअन्तर्गत अहिले डुडुवा शाखा नहर निर्माण धमाधम भइरहेको छ भने सिधनीया, प्रसेनीपुर र अकलघरवा शाखा नहरमा ठेक्का सम्झौता गरी निर्माण कार्यलाई तीव्रता दिएको छ। गुरुवागाउँ र अकलघरहवा शाखा र उपशाखा तथा पूर्वी मूल नहरका बाँकी कामहरूका लागि पूर्व तयारीका कामहरू भइरहेको निर्देशक आचार्यले जानकारी दिए।

## बाँके कांग्रेस क्षेत्रीय सभापतिमा पुर्णप्रसाद सर्वसम्मत, चौधरीले हराए शाहलाई

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १३ असोज*






नेपाली काँग्रेस बाँके क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिमा पूर्ण प्रसाद आचार्य सर्वसम्मत हुनु भएको छ। नेपाली काँग्रेसको १५ औं महाधिवेशन अन्तर्गत बाँके क्षेत्र नम्बर १ सभापतिमा उम्मेदवारी दिनु भएका पोषण केसीले आचार्यलाई समर्थन गर्नु भएको छ।

मंगलबार हुने भनेको मतदान सर्वसम्मत प्रयासको लागि सुरु हुन सकेको थिएन। पार्टी केन्द्रीय नेता सहित उम्मेदवारहरू बीचको छलफल पछि सर्वसम्मतको वातावरण तयार भएको काँग्रेस नेताहरूले बताएका छन्।

यसैगरी नेपाली कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत प्रतिनिधि सभा बाँके क्षेत्र नम्बर २ को सभापतिमा नरेन्द्र कुमार चौधरी निर्वाचित हुनु भएको छ। निकटतम प्रतिस्पर्धी बीरेन्द्रबहादुर शाहलाई पराजित गरेर उहाँ निर्वाचित हुनु भएको हो। क्षेत्रीय कार्यसमिति पदाधिकारी चयनका लागि सोमबार मतदान गराइएको थियो। निर्वाचन परिणाम अनुसार क्षेत्रीय सचिवमा रमेश प्रसाद तिमिल्सेना निर्वाचित हुनु भयो।

यसैगरी केन्द्रीय महाधिवेशन प्रतिनिधि खुल्ला तर्फ सुन्धान्सु कोईराला, सुरेन्द्र बहादुर हमाल, गोपाल प्रसाद अधिकारी, रमेश कुमार गुप्ता, अजित कुमार शर्मा, राकेश बहादुर श्रीवास्तव, राज कुमार बर्मा, कृष्ण कुमारी सापकोटा, सुनिल राणा र प्रशान्त विष्ट, महिलातर्फ उमा थापा मगर रेनु सिंह ठाकुर, कल्पना रेग्मी र नारायणी रूपाखेती, मैकुलाल बाल्मिकी, ईश्वरी प्रसाद ज्ञवाली, ज्ञानेन्द्र कुमार चौधरी, फन बहादुर गुरूङ, जमालुदिन वागवान, निजामुदिन अन्सारी छोट्कौ, राज कुमार साहु, डम्बर बहादुर गोल्डस्मित, साहिदा वानो, ममता देवी कुर्मी, रत्ना राणा, सिता देवी काफ्ले, विष्णु प्रसाद भुषाल, लिलावती यादव, अमृत कुमार आचार्य, मेराज अहमद हल्वाई, दिपेन्द्र रेग्मी, अनुज बर्मा र सुनिल सिंह हमाल निर्वाचित हुनु भएको छ।




आईडी कार्ड
मात्र
रू. १५०/-




सम्पर्कः
मो. ९८५८०४१२१०, ९८५८०५९५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

kalpristha.news@gmail.com
Wednesday 30 Sept 2026, बुधबार १४ असोज २०८३

# आपतप्रतिरोधी क्षमता निर्माण




संयुक्त राष्ट्रसङ्घको महासभा विश्वका राष्ट्रहरूले आफ्ना पीडा, सम्भावना, अपेक्षा, राष्ट्रिय हित र विश्वप्रतिको उत्तरदायित्व प्रस्तुत गर्ने प्रमुख बहुपक्षीय मञ्च हो। त्यस मञ्चमा नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले व्यक्त गर्नुभएको धारणा केवल औपचारिक कूटनीतिक वक्तव्य मात्र होइन; त्यसले विश्वसामु नेपालको आत्मबोध र सम्मान, राष्ट्रिय प्राथमिकता, विकासको दृष्टिकोण र अन्तर्राष्ट्रिय सम्बन्धको दिशाबोध गराएको छ। प्रधानमन्त्री शाहले २४ सेप्टेम्बर २०२६ मा संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा गर्नुभएको सम्बोधनलाई यही व्यापक सन्दर्भमा चिन्तन तथा मनन गर्नु पर्छ।

हालैको भोटेकोशी-त्रिशूली विपत् सम्बोधनको भावनात्मक केन्द्र भए पनि यसको दायरा बाढी र जलवायु परिवर्तन भन्दा निकै फराकिलो छ। जलवायु न्याय, हिमाली सहकार्य, अन्तर्राष्ट्रिय वित्तीय व्यवस्था, विश्वव्यापी आपूर्ति शृङ्खला, मानवीय सुरक्षा, बहुपक्षीयता, युवा आकाङ्क्षा, रोजगारी, सामाजिक सुरक्षा र राज्यको जवाफदेहितासम्म यसले प्रश्न उठाएको छ। यस अर्थमा एउटा गम्भीर राष्ट्रिय प्रश्न उठ्छ- नेपालले भोगिरहेको विपत् प्रकृतिको मात्र सङ्कट हो कि हाम्रो विकास दर्शन, राज्यको चरित्र, सामाजिक न्याय, शिक्षा, अर्थतन्त्र र राजनीतिक उत्तरदायित्वको समेत परीक्षा हो ? यो विमर्श यसैमा केन्द्रित छ।

विश्वको विवेकलाई प्रश्न : सम्बोधनको प्रभावशाली पक्ष नेपालमा भएको विपत्लाई केवल राष्ट्रिय त्रासदी नभई विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गर्नु हो। बढ्दो तापक्रम, 'पर्माफ्रोस्ट' पग्लिनु, पहाडी भूभाग अस्थिर हुनु, हिमपहिरो, बाढी र पहिरो जस्ता घटनाले हिमाली क्षेत्रमा बढ्दो जोखिम देखाइरहेका छन्। यहाँ एउटा गम्भीर दार्शनिक प्रश्न जन्मिन्छ- मानव सभ्यताले प्रकृतिलाई जितेको हो कि प्रकृतिसँग आफ्नो निर्भरता मात्र बिर्सेको हो ? नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु परिवर्तनको ठुलो मूल्य चुकाइरहेको छ। अतः जलवायु न्याय नेपालका लागि भावनात्मक नारा मात्र होइन; यो अस्तित्व, विकास र अन्तरपुस्तीय न्यायको प्रश्न हो।

विपत्बाट विषम परिस्थितिसम्म : जलवायुजन्य विपत्लाई प्रधानमन्त्रीले केवल मानवीय सहायता आवश्यक पर्ने घटना नभई विकास आपत्कालका रूपमा प्रस्तुत गर्नुभएको छ। बाढीले मानिस, घर र पुल मात्र बगाउँदैन; विद्यालय बन्द हुन्छन्, बालबालिकाको सिकाइ रोकिन्छ, स्वास्थ्यसेवा अवरुद्ध हुन्छ, कृषि उत्पादन नष्ट हुन्छ, बजार र यातायात प्रभावित हुन्छन् र रोजगारीमा असर पर्छ। यसरी बर्सौंको विकास केही दिनमै पछाडि धकेलिन सक्छ। यसले विकासको परम्परागत मापदण्डमाथि प्रश्न गर्छ। हामीले विकासलाई सडक, पुल, भवन र विद्युत् उत्पादनको संख्याबाट मात्र मापन गर्ने कि ती संरचना कति सुरक्षित, दिगो र विपत्प्रतिरोधी छन् भन्ने आधारबाट पनि मापन गर्ने ? अब विकासको अर्थ आर्थिक विस्तारसँगै सुरक्षा, स्थायित्व र आपत्प्रतिरोधी क्षमता पनि हुनु पर्छ।

जलवायु न्याय : प्रधानमन्त्रीले जलवायु न्यायलाई आर्थिक सहयोगको मागमा मात्र सीमित गर्नुभएको छैन। 'साझा तर फरक जिम्मेवारी र सम्बन्धित क्षमता' को सिद्धान्त अनुसार ऐतिहासिक रूपमा बढी योगदान गरेका र बढी क्षमता भएका पक्षले बढी जिम्मेवारी लिनुपर्ने तर्क प्रस्तुत गरिएको छ। नेपाल जस्तो न्यून उत्सर्जन गर्ने देशले ठुलो क्षति भोग्दा प्रश्न केवल क्षतिपूर्तिको होइन, विश्वव्यापी न्यायको संरचनाकै हो। जलवायु न्यायको वास्तविक अर्थ नेपाली जनताले बारम्बार विगतको भग्नावशेष पुनर्निर्माण मात्र नगरी भविष्य निर्माण गर्ने अवसर पाउनु हो। यसको घरेलु आयाम पनि छ- जोखिममा रहेका नागरिकलाई समान सुरक्षा दिनु राज्यको दायित्व हो।

सम्बोधनको दार्शनिक र स्मरणीय संरचनामध्ये एक 'छ वटा आर' हो; जसमा राहत, पुनर्स्थापना र पुनर्निर्माणसँगै जिम्मेवारी, पुनर्भरण-क्षतिपूर्ति र पुनरुत्थानशीलतालाई समेटिएको छ। यसमा पहिलाका तीन वटा विपत्पछिका तत्कालीन आवश्यकता हुन् भने पछिल्ला तीन वटा भविष्यमा विपत् स्थायी नियति नबनोस् भन्ने दीर्घकालीन आधार हुन्। नेपाल अब केवल विपत् आएपछि राहत बाँड्ने संस्कृतिबाट परिवर्तन भएर पूर्वतयारी गर्ने संस्कृतितर्फ जानु पर्छ। यसको अर्थ बाढी आएपछि पुल बनाउने मात्र होइन बरु अर्को बाढीमा पनि टिक्ने खालको पुल बनाउने, पहिरो गएपछि सडक मात्र खोल्ने नभई जोखिम घटाउने भूइन्जिनियरिङ गर्ने र विद्यालय पुनर्निर्माण मात्र नगरी विपत्का बेला पनि बालबालिकाको सिकाइ निरन्तर राख्ने प्रणाली बसाल्नु हो र यही नै आपत्प्रतिरोधी क्षमता हो। नेपाल अब राहत संस्कृतिबाट पूर्वतयारी संस्कृतितर्फ जानु पर्छ। बाढीपछि पुल बनाउने मात्र होइन, अर्को बाढीमा टिक्ने पुल बनाउने; पहिरोपछि सडक खोल्ने मात्र होइन, जोखिम घटाउने भूइन्जिनियरिङ गर्ने; विद्यालय पुनर्निर्माण मात्र होइन, विपत्का बेला पनि बालबालिकाको सिकाइ निरन्तर राख्ने प्रणाली बनाउने- यही हो आपत् प्रतिरोधी क्षमता।

न्यायपूर्ण विश्वव्यवस्था : जलवायु विपत्बाट प्रभावित गरिब मुलुकलाई पुनः ठुलो ऋणको बोझमा पार्नु समाधान होइन। पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेको प्रधानमन्त्रीको धारणा छ। जलवायु वित्तमा पहुँचको जटिलता र प्रशासनिक ढिलाइलाई 'घरमा आगो लागेको बेला परिवारलाई ५० वटा फाराम भर्न नलगाइने' रूपकले प्रश्न गरिएको छ तर अन्तर्राष्ट्रिय सहयोगसँगै राष्ट्रिय पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता पनि बलियो हुनु पर्छ। जलवायु न्यायको अन्तर्राष्ट्रिय मागसँगै राष्ट्रिय सुशासनको दायित्व जोडिन्छ।

हिमालय जीवन-आधार : हिमालय केवल भौगोलिक सीमा होइन; पानी, कृषि, पारिस्थितिक प्रणाली र जीविकोपार्जनको जीवन-आधार हो। यही दृष्टिले नेपाल, भारत र चीनको नेतृत्वमा हिमाल जलवायु पुनरुत्थानशीलता संयन्त्र प्रस्ताव गरिएको छ; जसमा वैज्ञानिक तथ्याङ्क आदानप्रदान, हिमताल अनुगमन, संयुक्त पूर्वचेतावनी र सीमापार विपत् समन्वय जस्ता विषय समेटिन्छन्। यसको मूल दर्शन सरल छ- विपत्ले राहदानी र भिसा बोकेर हिँड्दैन। नदीले सीमा चिन्दैन, हिमनदीले राजनीतिक नक्सा हेर्दैन। त्यसैले हिमाली जोखिमलाई राजनीतिक सीमाभित्र मात्र व्यवस्थापन गर्न सकिँदैन। यसले नेपाल-भारत-चीन सम्बन्धलाई भूराजनीतिक सन्तुलनबाट साझा समस्यामा साझा समाधान खोज्ने वातावरणीय सहकार्यतर्फ लैजाने सम्भावना देखाउँछ।

प्रकृति पूजाबाट सहअस्तित्वतर्फ : नेपाली संस्कृति प्रकृतिसँग गहिरो रूपमा जोडिएको छ तर हाम्रो व्यवहारमा विरोधाभास पनि छ- हामी नदी पूजा गर्छौं तर नदी अतिक्रमण गर्छौं, वनलाई पवित्र मान्छौं तर अव्यवस्थित दोहन गर्छौं। त्यसैले प्रश्न अब प्रकृतिको पूजा गर्छौं कि गर्दैनौं भन्ने मात्र होइन; हामी प्रकृतिलाई उपभोगको वस्तु मान्छौं कि सहअस्तित्वको आधार ? परम्परागत ज्ञान र आधुनिक विज्ञानबिच संवाद स्थापित गर्दै विकासलाई प्रकृतिसँग सहअस्तित्वमा आधारित बनाउनु आजको आवश्यकता हो।

नयाँ राजनीतिक चेतना : विपत् व्यवस्थापनमा जोखिम नक्साङ्कन, पूर्वचेतावनी, सुरक्षित विद्यालय-अस्पताल, स्थानीय उद्धार क्षमता, बिमा, सुरक्षित पूर्वाधार र बालबालिका तथा कमजोर समूहको संरक्षणलाई प्राथमिकता दिनु पर्छ। राज्यको सफलता कति राहत बाँडियो भन्नेबाट मात्र होइन, अर्को विपत्मा कति कम क्षति भयो भन्नेबाट मापन हुनु पर्छ। प्रधानमन्त्रीको भाषणमा शिक्षा क्षेत्रको विस्तृत चर्चा नभए पनि यसको अन्तर्निहित सम्बन्ध स्पष्ट छ। जलवायु शिक्षा, विपत् तयारी, आलोचनात्मक सोच, नागरिक शिक्षा, सिप र रोजगारीसँग जोडिएको शिक्षा आवश्यक छ। शिक्षा प्रमाणपत्र वितरण गर्ने संस्था मात्र होइन, राष्ट्रको आपत्प्रतिरोधी क्षमता निर्माण गर्ने आधारभूत संस्था हो। युवाको निष्ठा र जवाफदेहिताको मागले अर्को दार्शनिक प्रश्न उठाउँछ- के लोकतन्त्र पाँच वर्षमा एक पटक मत हाल्ने प्रणाली मात्र हो वा राज्यलाई दैनिक जीवनमा जवाफदेही बनाउने निरन्तर नागरिक अभ्यास पनि हो ? युवा ऊर्जा अनुसन्धान, उद्यमशीलता, सार्वजनिक सेवा र संस्थागत लोकतन्त्रमा रूपान्तरण हुन सके पुस्तान्तरण दीर्घकालीन राष्ट्रिय शक्ति बन्न सक्छ।

नयाँ सामाजिक सम्झौतातर्फ : सरकारले सम्मानजनक रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै देशमा अवसर दिने प्रतिबद्धता व्यक्त गरेको छ। उत्पादन, शिक्षा, सिप, बजार, स्थिर नीति, उद्यमशीलता र पूर्वाधारबिचको सम्बन्ध बलियो भए मात्र राजनीतिक परिवर्तन नागरिकको दैनिक जीवनमा अनुभूत हुन सक्छ। यससँगै मानवीय सुरक्षाको अवधारणा पनि महत्वपूर्ण छ। सुरक्षा केवल सीमा र हतियार-होडबाजीको विषय होइन; सुरक्षित राष्ट्र भनेको सुरक्षित नागरिक भएको राष्ट्र हो।

विपत्पछिको नेपाल : नेपालको पछिल्लो विपत्ले परिवार, समुदाय र राज्यलाई गहिरो पीडा दिएको छ तर सङ्कट केवल विनाशको क्षण होइन, त्यो आत्मपरीक्षण र पुनर्निर्माणको अवसर पनि हुन सक्छ। अब नेपालले तीन प्रश्नलाई एकैसाथ हेर्नु पर्छ- कसरी जीवन जोगाउने ? कसरी जोखिम घटाउने ? र कसरी न्यायपूर्ण भविष्य निर्माण गर्ने ?

यसका लागि विज्ञानमा आधारित योजना, पूर्वचेतावनी, सुरक्षित पूर्वाधार, जलवायु अनुकूलन, गुणस्तरीय शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, उत्पादन, उत्तरदायी राजनीति र संस्थागत सुशासन आवश्यक छन्।

विश्वसँग जलवायु न्याय माग्दा नेपालले आफ्ना नागरिकलाई पनि न्याय दिन सक्नु पर्छ। अन्तर्राष्ट्रिय सहयोग माग्दा त्यसको पारदर्शी र प्रभावकारी उपयोग गर्न सक्नु पर्छ। विश्व व्यवस्थाको सुधारको आवाज उठाउँदा देशभित्र सुशासन बलियो बनाउनु पर्छ। युवाको जवाफदेहिताको मागलाई स्वीकार गर्दा राज्यका सबै संस्था नागरिकप्रति जवाफदेही हुनु पर्छ र प्रकृतिसँग सहअस्तित्वको कुरा गर्दा विकासका हरेक निर्णयमा हिमाल, नदी, वन, माटो र भावी पुस्ताको हितलाई स्थान दिनु पर्छ। अन्ततः नेपालको प्रश्न केवल बाढीबाट कसरी उठ्ने भन्ने होइन; बाढीपछिको नेपाल कस्तो बनाउने भन्ने हो। के हामीले पुरानै जोखिमपूर्ण संरचना, राजनीतिक संस्कार र विकास दृष्टिकोणबाट पुनर्निर्माण गर्ने छौं कि सङ्कटबाट सिकेर नयाँ राष्ट्रिय दर्शनसहितको निर्माण गर्ने छौं ?

नेपालको भविष्य केवल हिमालको उचाइमा छैन, हिमालको छायामा बाँचिरहेका प्रत्येक नागरिकले आफ्नै देशमा आफ्नो भविष्य निर्माण, न्यायपूर्ण अवसर, सुरक्षा, सम्मान, गुणस्तरीय शिक्षा र वैश्विक सम्भावनाका साथ गर्न पाउनु नै राष्ट्रिय स्वतन्त्रताको गहिरो अर्थ हो। जब अर्को पटक विश्वको छानोबाट चेतावनीको आवाज गुन्जिन्छ; प्रश्न केवल हामीले त्यो आवाज सुन्यौं कि सुनेनौं भन्ने हुने छैन। प्रश्न हुने छ- सुनिसकेपछि हामीले के गर्‍यौं भन्ने ? सम्भवतः नयाँ पुस्ताका लागि गर्वका साथ भन्ने एसियाको माझमा नयाँ नेपाल निर्माण गर्न सक्यौं।-गोरखापत्र

## स्वास्थ्य

# के धेरै पसिना आउँदा हाम्रो शरीरको बोसो पग्लिन्छ ?



'शरीरको तौल घटाउनका लागि पसिना आउने गरी शारीरिक कसरत गर्नुपर्छ, हिँडनु वा हौडिनुपर्छ।'

यो हामीले धेरै सुन्दै आएको कुरा हो। यसअनुसार केही व्यक्तिहरूलाई लाग्छ कि पसिना धेरै आउनु भनेको शरीरमा भएको बोसो पग्लिनु हो र यसले तौल घटाउन मद्दत गर्छ।

**के यो कुरा सत्य हो त ? यसबारे बुझौं ?**

सबैभन्दा पहिला बुझ्नुपर्ने कुरा हो, पसिना आउनु भनेको बोसो शरीरको बोसो पग्लिनु होइन। पसिना आउनु भनेको शरीरलाई शीतल पार्ने एउटा प्राकृतिक प्रक्रिया हो। खानपानको तरिका उचित हुँदा, नियमित व्यायाम गर्दा र जीवनशैली सही तरिकाको हुँदा मात्रै शरीरको बोसो घट्छ।

यदि हाम्रो शरीरलाई आवश्यक क्यालोरी र हामीले खाने क्यालोरीको मात्रा सन्तुलनमा राख्न सकियो भने हाम्रो तौल घट्न सक्छ। अनावश्यक क्यालोरी सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने गर्दा मात्रै तौल घटाउन सकिन्छ। धेरै मात्रामा पसिना निकाल्दैमा तौल घट्ने कुरा सत्य होइन।

तौल सही हुनका लागि पसिना उत्पादनको मात्रामा भन्दा पनि आफ्नो आहार र जीवनशैली सही राख्न ध्यान दिनु आवश्यक छ। यो लामो समयसम्म निरन्तर रहनुपर्छ।

**पसिना किन आउँछ ?**

पसिना आउनु शरीरको प्राकृतिक शीतलक प्रणाली हो। जब शरीरको तापक्रम बढ्छ, पसिना ग्रन्थीहरूले पसिना निकाल्छन्। यो पसिनाले शरीरलाई शीतल बनाउँछ।

कुन-कुन कारणले पसिना आउँछ ?

पसिना आउनुका धेरै कारणले हुन्छन्। मुख्य कारण त गर्मी मौसम तथा तातो वातावरण नै हो। अर्को कारण हामीले व्यायाम तथा परिश्रम गर्दा पसिना आउँछ। तातो, पिरो तथा मसलेदार खानेकुरा खाइरहेको छ भने पनि पसिना आउँछ। धेरै तनाव तथा डरको अवस्थामा पनि पसिना आउन सक्छ।

थाइराइड हर्मोनको मात्रा बढी हुँदा अर्थात हाइपरथाइरोइडिज्मको समस्यामा पनि धेरै पसिना आउँछ।

मानसिक रोगमा पर्योग हुने औषधिहरू जस्तैः एसएस ग्रुपका औषधिको सेवन गर्दा पनि धेरै पसिना आउन सक्छ।

पोष्टमेनोपोजल सिन्ड्रोम अर्थात महिलाहरूमा महिनावारी सुकेपछि देखिने विभिन्न लक्षणमध्ये एक धेरै पसिना आउनु पनि हुन्छ।

**के पसिनाले बोसो पगाल्छ ?**

पसिनामा प्रायः पानी र इलेक्ट्रोलाइटहरू हुन्छन्। यसमा बोसोको मात्रा हुँदैन। जब अत्यधिक पसिना आइरहेको हुन्छ तब हाम्रो शरीरले पानी गुमाइरहेको हुन्छ, बोसो होइन्।

अत्यधिक पसिना आउनुको अर्थ शरीरले बढी बोसो जलाइरहेको छ भन्ने हुँदैन। अत्यधिक पसिनाले शरीरको तापक्रमलाई नियमित गर्न मद्दत गर्छ, बोसो हटाउन होइन। त्यसकारण, बोसो घटाउन पसिना आउनु जरूरी हुन्छ भन्ने होइन।

**बोसो घटाउने उपाय के हो त ?**

यसका लागि क्यालोरी लसको तरिका अपनाउनु आवश्यक छ। यो भनेको शरीरलाई आवश्यक भन्दा कम क्यालोरी खानु हो। यसो हुँदा आवश्यक क्यालोरीका लागि शरीरले बोसो जलाउँछ।

क्यालोरीको सेवन कम गर्नु र शरीरिक कसरत बढाउनु नै तौल घटाउने उपाय हो। हामीले खाने खानेकुराबाट जति क्यालोरी प्राप्त गरिरहेका हुन्छौं त्यो भन्दा बढी क्यालोरी खर्च गर्ने उपायहरू अपनाउँदा बोसो घट्छ। यस प्रक्रियामा, बोसो कार्बन डाइअक्साइड र पानीमा टुक्रिन्छ।-अनलाइनखबर

# पूर्वसूचनाले घटायो विपद्को क्षति

कालपृष्ठ समाचारदाता

*बर्दिया, १३ असोज*

मौसम पूर्वानुमान महाशाखाले हुनसक्ने सम्भावित बाढी तथा डुबानको समस्याका बारेमा पहिले नै जानकारी गराएका कारण बर्दियामा विपद्को क्षति कम भएको छ।

जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले बस्तीमा माइकिङ गरी स्थानीलाई सचेत गराउनुका साथै सुरक्षा निकायलाई सर्तक अवस्थामा राखिएकाले ठूलो क्षति हुन नपाएको हो।

महाशाखाले असोज ९ देखि ११ गतेसम्म ठुलो वर्षा हुने पूर्वानुमान गरेपछि सूचना प्राप्त हुनासाथ प्रशासनले बस्तीमा माइकिङ गरी स्थानीयलाई सचेत गराइएको बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले बताए।

"विगतमा जस्तो मानवीय तथा भौतिक क्षति व्होर्नु परेन। सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको थियो", उहाँले भन्नुभयो, "स्थानीय जनप्रतिनिधिसँग सक्रियताका साथ समन्वय भएकाले ठूलो डुबान हुनबाट जोगियो।"

उनका अनुसार जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकाय तथा स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी सम्भावित जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी गरेको थियो। विगतमा ठुलो वर्षा भई बाढी तथा डुबानको जोखिम हुने सूचना स्थानीयवासीले समयमा नपाउँदा धनजनको क्षति हुँदै आएको थियो।

यसपटक भने पूर्वसूचना प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालय सम्भावित विपद् जोखिमलाई पहिचान गरेर स्थानीय तहबीच समन्वय गरी सोही गाउँबस्तीमा समयमै सूचना प्रवाह गरिएको थियो। यद्यपि लगातार आएको वर्षाका कारण बर्दियाको विभिन्न १० घरमा क्षति पुगेको छ भने १५ घर डुबानमा परेको, ७३ जना विस्थापित भएको जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रशासकीय अधिकृत एवं विपद् फोकल पर्सन लोकप्रसाद ढकालले जानकारी दिए।

बर्दियामा कर्णाली, गेरुवा र भादा नदीको तटीय क्षेत्रमा करिब ५५ हजार नागरिक बाढीको जोखिममा छन्। गुलरिया नगरपालिकाका प्रमुख मुक्तिनाथ यादवले ठुलो वर्षा हुने पूर्वसूचना प्राप्त भएपछि भादा नदीको डुबानको जोखिममा रहेका तटीय क्षेत्रका नागरिकलाई समयमै सुरक्षित स्थानमा सारिएकाले ठूलो क्षति हुन नपाएको बताए।

नगर प्रहरीले नदी तटीय क्षेत्रमा माइकिङ गरी बाढी आउन सक्ने जानकारी गराएपछि स्थानीयवासीलाई सुरक्षित स्थानका रूपमा औद्योगिक ग्राममा सारिएको थियो। त्यहाँ सारिएका नागरिकका लागि नगरपालिकाले खाने तथा बस्ने व्यवस्था मिलाएको थियो। बाढीको पानी घटेपछि सोमबारदेखि तटीय क्षेत्रका स्थानीयवासी घर फर्कन थालेको नगरप्रमुख यादवले जानकारी दिए।

बर्दियामा कर्णाली र भादा नदीमा बाढी आउने अग्रिम सूचना नदीका विभिन्न स्थानमा रहेका बाढी मापन केन्द्रबाट लिने गरिएको छ।

कर्णाली नदीको चिसापानी र भादा नदीको चेपाडमा रहेका बाढी मापन केन्द्रबाट नदीको जलस्तर मापन गरी सूचना प्रवाह गर्ने गरिएको जिल्ला प्रशासनले जनाएको छ। कर्णाली नदीमा १० मिटर आठ सेन्टिमिटर जलस्तर पुगेपछि खतराको चिह्न पार गर्ने गर्दछ।

आइतबार राति १२:०० बजेसम्म कर्णाली नदीको जलस्तर खतराको चिह्नभन्दा तलै रहेको चिसापानीस्थित बाढी मापन केन्द्रका गेज रिडर पार्वती गुरुङले बताइन्।

उनका अनुसार सो अवधिमा कर्णालीमा सबैभन्दा बढी आठ मिटर ९५ सेन्टिमिटर जलस्तर मापन भएको थियो। चिसापानीमा ठुलो बाढी आएमा कर्णाली नदीको डुबान प्रभावित क्षेत्रमा बाढी पुग्न करिब डेढ घण्टा लाग्ने गर्दछ।

यसले सम्भावित बाढीबारे पूर्वसूचना पाएपछि जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्न पर्याप्त समय मिल्ने गरेको छ। त्यस्तै भादा नदीको जलस्तर पनि खतराको चिह्नभन्दा तलै रहेको चेपाडस्थित बाढी मापन केन्द्रका गेज रिडर मोहनलाल जैसीले जानकारी दिए।

# 'हनी ट्र्याप' मा पारेर रकम असुल्ने महिला पक्राउ

कालपृष्ठ समाचारदाता

*नेपालगन्ज, १३ असोज*

हनी ट्र्यापमा पारेर आपराधिक लाभ उठाउने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ।

रामेछापको गोकुलगंगा गाउँपालिका-०२ घर भई हाल काठमाडौँको सुकेधारामा बस्दै आएकी ३० वर्षीया सविता श्रेष्ठ पक्राउ परेकी हुन्। उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेको टोलीले गत असोज ५ गते नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार श्रेष्ठले वि.सं. २०८१ देखि बाँकेको बैजनाथ गाउँपालिका-०२ बस्ने ३२ वर्षीय एक पुरुषलाई ब्ल्याकमेलिङ गर्दै आएकी थिइन्। पूर्वयोजना अनुसार ती पुरुषलाई मायाप्रेम र शारीरिक सम्बन्धको जालमा पारेर पछि विभिन्न मुद्दामा फसाइदिने धम्की दिँदै उनले पटक-पटक नगद तथा जिन्सी सामान असुल गरेकी थिइन्।

आपराधिक लाभ लिएर फरार रहेकी उनलाई काठमाडौँबाट पक्राउ गरी प्रहरीले हिरासतमा राखेको छ। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक प्रतित सिंह राठौरले जानकारी दिएका छन्।

# विद्युत् महसुल तिर्न काउन्टर धाउनुपर्ने बाध्यता हट्दै

कालपृष्ठ समाचारदाता

*दाङ, १३ असोज*

नेपाल विद्युत् प्राधिकरणको तुलसीपुर वितरण केन्द्रले महसुल काउन्टर पूर्ण रूपमा बन्द गर्ने भएको छ।

आगामी मङ्सिर १ गतेदेखि भौतिक काउन्टर बन्दगरी अनलाइनमार्फत विद्युत् महसुल भुक्तानी गर्ने गरी आवश्यक व्यवस्था मिलाइने केन्द्र प्रमुख सुरेशकुमार महतोले बताए। उनका अनुसार सरकारको डिजिटल नेपालको अवधारणा तथा नेपाल विद्युत् प्राधिकरणको आर्थिक वर्ष २०८३/८४ को नीति र निर्देशनअनुसार ग्राहक सेवालाई प्रभावकारी बनाई २४ घण्टा अनलाइन भुक्तानीको व्यवस्था मिलाइनेछ।

हाल अनलाइन भुक्तानी गर्नेको संख्या उल्लेख्य रहेको उहाँको भनाइ छ। हाल ४२ प्रतिशत ग्राहकले अनलाइनमार्फत भुक्तानी गर्न थालेका छन्। भौतिक रूपमा उपस्थित भएर महसुल बुझाउँदा रकमभन्दा बढी समय र आवतजावतमा खर्च हुने भएकाले प्रविधियुक्त प्रणालीलाई अनिवार्य गरिएको प्रमुख महतोको भनाइ छ।

उनका अनुसार रु १०० महसुल बुझाउन गाउँबाट कार्यालय आउँदा ग्राहकको रु ४०० देखि ५०० सम्म खर्च हुने र दिनभरिको समय खेर जाने गरेको छ। घरमै बसेर एक/दुई मिनेटमै भुक्तानी सम्पन्न गर्न सकिनेछ। रु ५०० सम्मको महसुल अनलाइन भुक्तानी गर्दा कुनै अतिरिक्त शुल्क नलाग्ने र सोभन्दा बढी रकमको भुक्तानीमा पनि न्यूनतम शुल्क मात्र लाग्ने उनले बताए।

विद्युत् प्राधिकरणको एप वा अन्य डिजिटल भुक्तानी सेवा प्रदायक, मोबाइल बैंकिङ एपबाट सहजै रूपमा विद्युत् महसुल तिर्न सकिन्छ। डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न प्राधिकरणले विद्यालयमा विद्युतीय सुरक्षा तथा अनलाइन पेमेन्टसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै कार्यालयमा आउने ग्राहकलाई पम्प्लेट वितरण गरिरहेको प्रमुख महतोले बताए। तुलसीपुर वितरण केन्द्रअन्तर्गत हाल ५५ हजार ग्राहक छन्।

चौथो पृष्ठबाट बाँकी

## नेपाललगायत ...

यसपाली अफगानिस्तानलाई हराउँदा जुन स्तरको प्रदर्शन गर्यो, त्यो अरूलाई पनि चुनौती दिने खालको थियो।'

निराश नेपाली समर्थक

वर्षाले खेल वासआउट गरेपछि पदक सम्भावना सकिनु मात्र नेपालका लागि निराशाको विषय रहेन। कम्तिमा एउटा अर्को टेस्ट राष्ट्रसँग खेल्ने मौका पनि नेपालले गुमायो। सँगै जापानका विभिन्न कुना-काप्चाबाट नेपालको क्रिकेट हेर्न भनेर आएका हजारौं समर्थक पनि निराश बने।

आइसिसी प्यानलका नेपाली अम्पायर दुर्गानाथ सुवेदीको विचारमा खेल भएको भए श्रीलंकाविरुद्ध नेपालले जित हासिल गर्ने सम्भावना बढि थियो।

'एउटा ठूलो टेस्ट राष्ट्रविरुद्ध नेपाललाई मैदान उत्रिँदा हार्नुपर्ने केही थिएन। तर श्रीलंकामा प्रतिष्ठा जोगाउने दबाब हुन्थ्यो। नेपाली टिम एउटा राम्रो लयमा थियो। खेलाडीमा उर्जा थियो। यहाँको पीच पनि नेपाली बलर सुहाउँदो थियो,' सुवेदी भन्छन्, 'श्रीलंका माथिल्लो वरियताको टेस्ट राष्ट्र हो भन्दैमा क्रिकेटमा नेपालजस्तो टिमसँग जित ग्यारेन्टी हुँदैन। भयरहित भएर खेल्दा नेपालले अर्को सनसनीपूर्ण नतिजा निकाल्ने सम्भावना बलियो थियो।'

नतिजा जस्तो भए पनि यो खेल वासआउट हुँदा नेपाली क्रिकेट एउटा ठूलो अवसरबाट चुकेको सुवेदी बताउँछन्। 'खेल भएको भए नेपालले जित्ने सम्भावना ने बलियो थियो। नजिते पनि एउटा अर्को टेस्ट राष्ट्रसँग खेल्ने र अनुभव बटुल्ने अवसर थियो। तर नागोयाको पानीले त्यो सबै बगायो,' सुवेदीले भने।

यसैगरी नेपालको खेल हेर्न गएको बिहीबारै टोकियोबाट लामो बिदा लिएर नागोया आएका समर्थक अञ्जन खड्का (सरोज) आम्दानी-खर्चको हिसाब निकाल्दै थिए, 'यति लामो बिदा लिँदा लाख यान भन्दा बढि घाटा लाग्यो। नागोयासम्म आउने जाने ट्रेन र होटल बसाई खर्च अर्को लाख यान। यति धेरै खर्च गरेर आउँदा पनि म्याच चाँही हेर्न पाइएन।'

अञ्जनले नेपाल फाइनल नै पुग्ने आशामा कामबाट ११ दिनको बिदा लिएका थिए। अफगानिस्तानमाथि जित हासिल गरेको खेलमा उनले भरपूर मनोरञ्जन लिए। त्यसपछि जापानसँगको खेल आधा पनि नहुँदै वर्षाले बिथोलियो। तर मौसम सुधिएर क्वार्टरफाइनलदेखिका खेल हेर्न पाउने उनको धोको पूरा भएन। नागोया बसाई छोट्याएर बुधबारै टोकियो जाने उनले योजना बनाएका छन्।

'क्रिकेटमा केही कुराको भर हुन्न। टेस्ट खेल्ने अफगानिस्तानलाई हामीले हराएकै हो। अब श्रीलंकाई हराए भारतसँग खेलेको हेर्ने ठूलो धोको थियो। आइपिएलका सबै स्टार खेलाडीले भरिएको भारतसँग आफ्नै टिमले खेलेको हेर्नुको मज्जा लिन पाइएन,' उनी भन्छन्, 'सामान्यतया यो जापानमा पानी पर्ने सिजन नै होइन। परे पनि यस्तो लगातार पर्दैनथ्यो। तर यसपाली हाम्रो भाग्यले साथ दिएन। जापानमा उसै पनि नेपालले खेलेको क्रिकेट हेर्न पाइदैनथ्यो। यसपाली एसियाली खेलकुदले त्यो अवसर जुराउँदा पनि वर्षा बाधक बन्यो।'- खेलाडी डटकम

## नेपालगन्ज उप-महानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**नेपालगन्ज, बाँके**

**लुम्बिनी प्रदेश, नेपाल**

**सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुलाई प्रस्ताव पेश गर्ने बारे अत्यन्त जरुरी सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०८३।०६।१४ )*

नेपालगञ्ज उपमहानगरपालिकाको चालू आ.व. २०८३।०८४ का लागि स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण सम्बन्धी २ (दुई) वटा कार्यक्रम वा कुनै एक कार्यक्रममा मात्रै प्रस्ताव पेश गर्न सकिने गरि उक्त क्षेत्रमा आवद्ध भई काम गरिरहेका ख्याती प्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका गैर सरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरूबाट गुणस्तर तथा लागत विधीबाट सेवा खरिद गरि सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (TOR) बमोजिम प्राविधिक र आर्थिक विषयहरू अलग अलग खामबन्दी गरी उक्त दुवै खाम एउटै खाममा शिलबन्दी सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक | दर (रु) | कूल कार्यक्रम बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | ३ पटक (प्रत्येक चौमासिकमा १ पटक पर्ने गरि) | १,००,०००।०० | ३,००,०००।- |
| २ | सामाजिक परीक्षण | १ पटक (प्रथम चौमासिकमा) | १,००,०००।- | १,००,०००।- |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरूको प्रतिलिपि:**

(१) दर्ता तथा नविकरण भएको प्रमाण पत्र,
(२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र
(३) उपमहानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र,
(४) आ.व.०८१।०८२ सम्मको लेखा परिक्षण प्रतिवेदन,
(५) आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्र,
(६) आफ्नै कार्यालय भएको वा बहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र,
(७) चालू आ.व.०८३।०८४ को उपमहानगरपालिकालाई बुझाउनुपर्ने सवै प्रकारका कर चुक्ता गरेको,
(८) संस्था कालो सूचीमा नपरेको व्हहोरा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले स्वघोषणा गरि पत्र संलग्न गरेको,
(९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (TOR) का आधारमा तयार गरेको,
(१०) संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको
(११) कर कट्टी लगायत अन्य विषयहरू सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ,
(१२) प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिको दस्तखत र छाप लागेको हुनुपर्नेछ
(१३) सार्वजनिक सुनुवाई सम्बन्धी प्रस्ताव पेश गर्दा बोलपत्र जमानत बापत रु.६,७५०।- र सामाजिक परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्दा रु २,२५०।- नेपालगञ्ज उपमहानगरपालिकाको नाममा श्री राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. (ग-३) ४१३०१००३०३००००२ मा नगदै जम्मा गरी सक्कल भौचर प्रस्तावका साथ संलग्न गरेको हुनुपर्नेछ।
(१४) प्रस्ताव बुझाउदा लाग्ने दस्तुर : रु १०००।- (एकहजार) राजस्व शाखामा बुझाई नगदी रसिद प्रस्तावका साथ संलग्न गरेको हुनुपर्नेछ।
(१५) प्रस्तावदाताहरूले उपमहानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८३ असोज २८ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ,
(१६) दर्ता भएका सबै प्रस्तावहरू प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरूको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन,
(१७) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयको सूचना पाटी तथा Website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, फोन नं.०८१-५३६३३८/५३२२४० वा सामाजिक, गै.स.स.तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

*प्रमुख प्रशासकीय अधिकृत*

## एसियाडमा क्रिकेटः

# नेपाललगायत एसोसिएट टिममाथि वर्षाको जित

कालपृष्ठ समाचारदाता

*काठमाडौं, १३ असोज*





सामान्यतया यो जापानमा पानी पर्ने सिजन होइन। तर यसपाली जापानले २०औं एसियाली खेलकुद आयोजना गरिरहँदा पूरा देश नै लगातारको वर्षा तथा समुद्री आँधीले प्रभावित भइरहेको छ। खेलकुद नहुने त कुरै भएन।

आइची-नागोया एसियाड २०२६ मा पौडीलगायत केही खेल टोकियोमा आयोजना गरिएको छ। बाँकी अधिकांश खेल नागोयामै भइरहेका छन्। टोकियोलाई ठूलो वर्षा र समुद्री आँधीले सताएपछि नागोयामा पनि पछिल्लो हप्तादेखि नै निरन्तरको वर्षाका कारण जनजीवन असहज बनिरहेको छ।

नागोयाको वर्षाले प्रत्यक्ष रूपमा नेपालको एसियाड सहभागितालाई प्रभावित गरिरहँदा क्रिकेटले सबभन्दा ठूलो मुल्य चुकाउनुपरेको छ। पदक आशा गरिएको क्रिकेटमा मंगलबार एउटै बल नखेलीकन नेपालले आफ्नो चुनौती समाप्त भएको देख्नुपर्यो। टेनिसमा दुई दिनदेखि लगातार वर्षाका कारण तालिकाअनुसार खेल हुन सकेको छैन।

समूह 'ए' बाट विजेताका रूपमा अगाडि बढेको नेपालले मंगलबार क्वार्टरफाइनलमा विश्व च्याम्पियन भइसकेको श्रीलंकासँग खेल्नुपर्ने थियो। यो खेल जितेको भए सेमिफाइनलमा नेपालको भेट स्टार खेलाडीले भरिपूर्ण भारतसँग हुने थियो। तर तीन दिनदेखि लगातार परेको वर्षाका कारण खेल सुरु हुनै सकेन।

एसियाली खेलकुदको नियमअनुसार वर्षाका कारण खेल हुन नसके आइसिसी वरियतामा माथि रहने टिम विजयी हुने व्यवस्था छ। यही प्रावधानले नेपालको एउटा पदक सम्भावनामाथि प्रहार गर्यो। स्वर्णसहित कम्तिमा १० पदक जित्ने लक्ष्य लिएर जापान आएको नेपालका लागि एउटा पदक योगदान गर्ने सम्भावना खेल्नै नपाई अन्त्य भयो।

लगातारको वर्षाले नेपालमात्र होइन, क्रिकेटको अनिश्चिततामाथि खेल्दै ठूला टेस्ट राष्ट्रलाई स्तब्ध पारेर अगाडि बढ्ने एसोसिएट देशहरू सबैको लक्ष्य परिक्षण नभइकनै असफल करार गरियो। जवकि सोझै क्वार्टरफाइनलमा स्थान दिइएका चार टेस्ट राष्ट्र भारत, श्रीलंका, पाकिस्तान र बंगलादेशले चाँही खेल्दै नखेली सेमिफाइनलमा स्थान पक्का गरे।

नेपालले खेल्नै नपाई श्रीलंकालाई सेमिफाइनलको बाटो दिनुपर्दा मंगलबारकै लागि तय भएको मलेसिया र बंगलादेशबीचको क्वार्टरफाइनल पनि हुन सकेन। प्रतियोगिताको नियमले श्रीलंकाजस्तै बंगलादेशलाई अन्तिम चारमा पुर्यायो।

सोमबारका लागि तय गरिएका दुई क्वार्टरफाइनलमा पनि वर्षा नै बाधक बन्यो। दुई टेस्ट राष्ट्र अफगानिस्तान र भारत तथा पाकिस्तान र हङकङबीचको खेल वर्षाका कारण एकै बल नफालीकन रद्ध गरियो। जहाँ भारत र पाकिस्तानले आइसिसी वरियतामा माथिल्लो स्थानमा रहनुको फाइदा उठाए।

अब बिहीबार हुने सेमिफाइनलमा आइसिसी ट्वान्टी-२० वरियताको शीर्ष स्थानमा रहेको भारतले नवौं वरियताको श्रीलंकासँग खेल्नेछ। बिहीबारै पहिलो सेमिफाइनलमा छैटौं वरियताको पाकिस्तान र आठौं वरियताको पाकिस्तानबीच प्रतिस्पर्धा हुनेछ। वर्षाका कारण सेमिफाइनलका खेलहरू पनि हुन नसके भारत र पाकिस्तान फाइनल पुग्नेछन्। फाइनलमा पनि वर्षा बाधक भए भारतले एउटै खेल नखेली स्वर्ण पदक जित्नेछ भने पाकिस्तानले रजत तथा बंगलादेशले कांस्य पदक जित्नेछन्।

लगातारको वर्षाले क्रिकेटलाई सबभन्दा बढि प्रभावित गर्दा समूह 'बी' अन्तर्गत शनिबार मलेसिया र ओमानबीच तय भएको खेल सुरुबाटै हुन सकेन। त्यही दिन नेपाल र जापानबीच समूह 'ए' अन्तर्गतको प्रतिस्पर्धा पनि पूरा हुन पाएन।

पहिलो खेलमा टेस्ट राष्ट्र अफगानिस्तानमाथि प्रभावशाली प्रदर्शनका साथ ५ विकेटको जित हासिल गरेको नेपाल दोस्रो खेलमा पनि उच्च लयमा थियो। आयोजक जापानसँग टस हारेर पहिला ब्याटिङ गरेको नेपालले १५.४ ओभरमा ४ विकेटको क्षतिमा १४९ रन बनाउँदा वर्षाका कारण खेल रद्ध भयो।

आइसिसी विश्व वरियताको १० औं स्थानमा रहेको अफगानिस्तानमाथि पहिलो खेलमा १४ औं वरियताको नेपाल निक्कै हावी भएको थियो। टस हारेर पहिला फिल्डिङमा निम्त्याइएको नेपालले बलियो प्रतिद्धन्द्धीलाई १०२ रनमा सीमित गरेको थियो। त्यसपछि टोलीले १०३ रनको लक्ष्य १६ बल बाँकी रहँदै पूरा गरेको थियो।

टेस्ट राष्ट्र अफगानिस्तानमाथि पाएको त्यो प्रभावशाली जितपछि नेपालसँग अरू विपक्षी पनि निक्कै सचेत भएका थिए। विपक्षीहरूले नै नेपाललाई पदकको मुख्य दाबेदारमध्ये एकको रूपमा राखेका थिए। अफगानिस्तानजस्तै आफू पनि नेपाली स्पिनको सिकार हुन सक्नेमा सबै सचेत थिए।

'अफगानिस्तानसँगको खेलमा नेपालले जसरी खेल्यो, त्यसबाट नागोयाको पिचमा नेपालको स्पिन अट्याक सबैका लागि टाउको दुखाई बन्न सक्ने देखियो,' भारतीय टोलीका अधिकारीलाई उधृत गर्दै भारतीय पत्रकार सन्दीप नकाईले खेलाडी डटकमसँग भने, 'नेपालले विगतमा पनि ठूला टिमसँग भयरहित क्रिकेट खेलेर सनसनी मच्चाइरहेको थियो।

*बाँकी ३ पृष्ठमा*

# सकियो नेपाली एथलेटिक्सको नागोया यात्रा

20th Asian Games
Aichi-Nagoya 2026

कालपृष्ठ समाचारदाता

*नेपालगन्ज, १३ असोज*

आइची-नागोया एसियाली खेलकुद २०२६ मा नेपालको एथलेटिक्स यात्रा मुकेशबहादुर पालको व्यक्तिगत समय सुधारसँगै सकिएको छ।

मंगलबार नागोया सिटी मिजुहो पार्क एथलेटिक्स रंगशालामा भएको पुरुष ५ हजार मिटरको फाइनलमा मुकेशले १४ मिनेट ०३.६१ सेकेन्डको समय निकाल्दै नवौं स्थान हासिल गरे। १४ मिनेट २५.५४ सकेन्ड, मुकेशको यसअघिको व्यक्तिगत उत्कृष्ट समय थियो। त्यसमा उनले उल्लेखनीय सुधार गरे।

मुकेशको ५ हजार मिटरको प्रदर्शन नागोया एसियाडमा नेपालको एथलेटिक्सतर्फ उत्कृष्ट प्रदर्शनमध्ये एक रह्यो।

नागोयामा यसपाली एथलेटिक्समा ६ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। खडकबहादुर खड्काले म्याराथन, राजन रोकायाले १० हजार मिटर, मुकेशले ५ हजार र १५ सय मिटर, सोमबहादुर कुमालले ८ सय मिटर, सन्तोषी श्रेष्ठले ५ हजार र १० हजार मिटर तथा पूर्णलक्ष्मी न्यौपानेले १५ सय र ५ हजार मिटरमा चुनौती प्रस्तुत गरेका थिए।

सबै स्पर्धामा नेपालको चुनौती दयनीय रह्यो। यसबीच सोमबहादुरले आइतबार ८ सय मिटरमा राष्ट्रिय कीर्तिमान सुधार गर्दै १ मिनेट ४८.९५ सेकेन्डको समय निकालेका थिए। आफ्नो हिटमा पाँचौं तथा समग्रमा ८औं भएका उनी फाइनल पुग्न भने सकेका थिएनन्। मुकेशको मंगलबारको दौडअघि यो नै नेपालको उत्कृष्ट प्रर्दशन थियो।

मुकेशले १५ सय मिटरको हिटमा पनि व्यक्तिगत समयमा सुधार गरेका थिए। हिट चरणमै बाहिरिएका उनले ३ मिनेट ४९.५७ सेकेन्डको समय निकालेका थिए।

## मदन भण्डारी अन्तर्राष्ट्रिय भलिबल कप

# खैरा र नेपाल पुलिस क्लबको विजयी सुरुआत

कालपृष्ठ समाचारदाता

*काठमाडौं, १३ असोज*



भारतको खैरा भलिबल क्लब र विभागीय टोली नेपाल पुलिस क्लबले दोस्रो संस्करणको 'मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगितामा विजयी सुरुआत गरेको छ।

बुटवलको बिआइसिसी सम्मेलन केन्द्रमा मंगलबार भएको समूह 'ए' को पहिलो खेलमा खैरा भलिबल क्लब पन्जाबले मणिमुकुन्द भलिबल क्लबलाई ३-१ को सेटमा हरायो। पाहुना टोली खैराले २६-२४, २५-१८, २२-२५, २५-२० को जित निकालेको हो।

अर्को खेलमा विभायीय टोली नेपाल पुलिस क्लबले श्रीलंका पुलिस क्लबलाई ३-० को सोझो सेटमा हरायो। नेपाल पुलिसले श्रीलंका पुलिसमाथि २५-२३, २५-२१, २५-२० को जित निकाल्यो। यस्तै समूह 'बी' मा रहेको गल्कोट भलिबल क्लब समयमा उपस्थित नभएपछि खेलका लागि अयोग्य ठहरिएको छ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आयोजना गरेको प्रतियोगिताको पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरिन्। उनले यस प्रतियोगिताले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धा गर्न सहयोग पुग्ने बताइन्। 'खेलाडीको प्रतिभा, खेलकुदको विकास र देशको प्रतिष्ठालाई माथि उठाउन यस्ता खेलकुद प्रतियोगिता महत्वपूर्ण रहने छ', भण्डारीले भनिन्।

उद्घाटन कार्यक्रममा आयोजक एकेडेमीका अध्यक्ष ध्रुब आचार्यले एकेडेमीले खेलकुदलाई प्राथमिकतामा राखेर विद्यालयदेखि अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै आएको बताए।

उनले बुटवलमा आयोजित अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिताले प्रतिस्पर्धासँगै खेल पर्यटनलाई टेवा पुर्याएको पनि बताए। असोज १७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गल्कोट भलिबल क्लब अयोग्य ठहरिएपछि सात टोलीको सहभागिता रहेको छ।

समूह समूह 'ए' मा खैरा क्लब पन्चाब, श्रीलंका पुलिस क्लब, नेपाल पुलिस क्लब र मणिमुकुन्द भलिबल क्लब रहेको छ। यस्तै समूह 'बी' मा सभापोखरी भलिबल क्लब, भारतको गुजराज स्पोटिङ क्लब र नेपाल एपीएफ क्लब रहेको छ। समूह चरणबाट शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। सेमिफाइनल विजेताबीच उपाधि भिडन्त हुनेछ।

प्रतियोगिताको विजेता टोलीलाई रनिङ्ग शिल्डसहित सात लाख रूपैयाँ, उपविजेतालाई तीन लाख ५० हजार रूपैयाँ, तेस्रो हुनेलाई एक लाख ७५ हजार रूपैयाँ तथा सान्त्वना पुरस्कार स्वरूप ७५ हजार रूपैयाँ, कप, मेडल र प्रमाणपत्र प्रदान गरिने छ।

यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई १५ हजार रूपैयाँ, ब्यक्तिगत विधातर्फ उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, ब्लकर, डिफेन्डर र उत्कृष्ट प्रशिक्षकलाई जनही आठ हजार नगदसहित सम्मान गरिनेछ। प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई जनही पाँच हजार रूपैयाँ पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।






कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालयः नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रणः रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।